# पुष्पाञ्जली आमा गस्ती समुह
# Puspanjali Mother Patrol Group

मकवानपुर हेटौंडा

श्री सम्पादक ज्यू,
swww.harsamaya.com

मिति : २०८२/३/६

पुष्पाञ्जली आमा गस्ती समुह हेटौंडा-९

विषय : खण्डन भनाइ सम्बन्धमा

उपरोक्त सम्बन्धमा तपाई सम्पादक रहेको swww.harsamaya.com अनलाइन सञ्चारमाध्यमबाट मिति २०८२ जेठ २७ गते 'पुष्पाञ्जली आमा समूहले 'सुरक्षा' को नाममा चलायो अवैध धन्दा, स्थानिय आक्रोशित' शीर्षकमा प्रकाशित/प्रसारित सामग्री प्रति हाम्रो ध्यानाकर्षण भएको छ । उक्त समाचार सामग्रीका सम्बन्धमा हाम्रो देहायअनुसार बुँदागत प्रतिक्रिया एवं खण्डन रहेको छ । उक्त खण्डन एवं प्रतिक्रियालाई स्थान दिनहुन दिनुहुन अनुरोध गर्दछौं ।

देहाय:

१.प्रकाशित/प्रसारित सामग्रीमा, 'सुरक्षाको नारा लगाउँदै स्थापना गरिएको पुष्पाञ्जली आमा समूहले आफैंले अवैध धन्दा सञ्चालन गरिरहेको खुलासा भएपछि स्थानियहरु आक्रोशित बनेका छन । स्थानीय स्रोतका अनुसार समूहका केही सदस्यले समूहकै आडमा मदिरा बिक्रीदेखि जुवा तास लगायतका गतिविधि संचालन गरिरहेका छन । समाजमा अनुशासन र सुरक्षा कायम गर्छौं भनेर थालेको समूहले अहिले आफैं समाज बिगार्ने काम गरिरहेको छ । एक स्थानीय बासिन्दाले नाम नबताउने शर्तमा बताए । पुष्पाञ्जली आमा समूहले सुरक्षाको लागि रातको गस्ती गर्ने, विद्यालय वरपर निगरानी गर्ने जस्ता कार्यको प्रचार गरे पनि पछिल्लो समयमा भने त्यो कामभन्दा विपरीत क्रियाकलापमा संलग्न भएको जनगुनासो छ । स्थानीय प्रशासनले भने यसबारे अनुसन्धान सुरु गरिएको जनाएको छ । वडाध्यक्ष सुकराम केसीले भने, 'हामीले केही उजुरीहरू प्राप्त गरेका छौं, यस्ता गतिविधिमा संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याइनेछ । समाजसेवी तथा स्थानीय बुद्धिजीवीहरुले यस्ता समूहहरूलाई नियमित अनुगमन र पारदर्शिता कायम गर्ने नीति ल्याउन आग्रह गरेका छन ।', उल्लेख भएको रहेछ । उक्त विषयमा कुनै सत्यता छैन । यथार्थ कुरा उल्लेखित रहेको छ ।

**उक्त विषयमा यथार्थ उल्लेखित रहेको छ :**

विगत ८ वर्षदेखि सामाजिक रुपान्तरण, महिलामा हिंसा विरुद्धको चेतना, लागूपदार्थ दुर्व्यसन न्यूनीकरण र पारिवारिक मेलमिलापमा प्रभावकारी रहँदै आएको पुष्पाञ्जली गस्ती आमा समूह,हेटौंडा ९, मकवानपुर हाल बागमती प्रदेश स्तरदेखि स्थानीय तहसम्म प्रशंसित र सम्मानित संस्था हो । सामाजिक न्याय, महिला सशक्तिकरण र हिंसा विरुद्धको चेतनता जगाउने उद्देश्यका साथ सक्रिय आमाहरुको यो समूहले, घरेलु हिंसा तथा समाजमा व्याप्त विकृतिको विरुद्ध गस्ती, कानूनी सहयोग, सचेतना कार्यक्रम लगायत अनेक सकारात्मक क्रियाकलाप गर्दै आइरहेको जगजाहेर तथ्य हो ।

तर मिति २०८२ साल जेठ २७ गते swww.harsamaya.com अनलाइनमा हाम्रो समूहको कपोकल्पित, भ्रामक र तथ्यहीन समाचार प्रकाशित गरिएको देखिएको छ । जुन आधिकारिक स्रोत, प्रमाण वा सम्बन्धित पक्षको भनाई समेत नराखी एकतर्फी ढंगले प्रकाशित उक्त समाचार हाम्रो समूहको प्रतिष्ठा र आमाहरुको सम्मानमा आँच पुऱ्याउने, सामाजिक परिवर्तनमा बाधा पुऱ्याउने दूर्भाग्यपूर्ण कार्य हो । हामी यसप्रति गम्भीर आपत्ति र घोर भर्त्सना प्रकट गर्दछौं ।

**यस सम्बन्धमा हाम्रो समूहको स्पष्ट माग निम्नानुसार छ :**

१.प्रकाशित भ्रामक समाचार तत्काल हटाई सत्य तथ्यमाथि आधारित स्पष्ट समाचार प्रकाशित गर्ने ।

२. आमाहरुको आत्म सम्मान माथि प्रहार गर्ने समाचारको सार्वजनिक क्षमायाचना गर्ने ।

३.अन्यथा आवश्यक विधिसम्मत कानूनी प्रक्रिया अगाडि बढाइनेछ ।

भ्रामक समाचारहरु केवल संस्थाको इज्जतमा आघात पुऱ्याउने मात्र होइन, समाज रुपान्तरणमा जुटेका सर्वसाधारण महिलाहरुको मनोबललाई कमजोर बनाउने कार्य हो । सामाजिक सञ्जालको दुरुपयोग तथा साइबर अपराधको रूपमा लिन सकिने यस्ता कृत्यप्रति हामी सज रहँदै, सत्य र न्यायको पक्षमा उभिएको जानकारी गराउँदछौं । हामी सम्बद्ध समाचार संस्था, सञ्चारकर्मी र जिम्मेवार निकायलाई सत्य तथ्यमाथि आधारित पत्रकारिता अभ्यास गर्न र आमाहरुको योगदानलाई न्यायिक दृष्टिकोणबाट प्रस्तुत गर्न हार्दिक आग्रह गर्दछौं ।

बोधार्थ

१. प्रेस काउन्सिल नेपाल

निवेदक

नाम : कल्पना थापा मगर

पद : अध्यक्ष

हस्ताक्षर : कल्पना

फोन/मोबाईल :९८४५६८८६३०

इमेल puspanjaliaamasamuha@gmail.com

CS Scanned with CamScanner